आज मिति २०७६ साल फागुन ८ गते विहीवार का दिन यस नगरपालिकाको नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बस्यो । बैठकको उपस्थिति तथा निर्णय देहाय बमोजिम रहेको छ ।

उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | श्री मिरा जोशी | उपस्थित |
| वडाध्यक्ष वडा नं. १ | श्री खरसिं दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं. २ | श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ३ | श्री प्रेमकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.४ | श्री विश्वराज न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ५ | श्री मोहनकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं. ६ | श्री सूर्यभक्त भण्डारी | उपस्थित |
| वडाध्यक्ष वडा नं. ७ | श्री सतिशचन्द्र न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं. ८ | श्री ओजराज पौडेल | उपस्थित |
| वडाध्यक्ष वडा नं. ९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं. १० | श्री तुलसीराम सापकोटा | उपस्थित |
| वडाध्यक्ष वडा नं. ११ | श्री निरबहादुर खड्का | उपस्थित |
| वडाध्यक्ष वडा नं. १२ | श्री तोत्रबहादुर कुँवर | उपस्थित |
| वडाध्यक्ष वडा नं. १३ | श्री लेखबहादुर राना | अनुपस्थित |
| वडाध्यक्ष वडा नं. १४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री तमबहादुर दरै | उपस्थित |
| ,, | श्री कल्पना पोखेल | उपस्थित |
| ,, | श्री चन्द्रमाया परियार | उपस्थित |
| ,, | श्री सुनसरी गुरुङ | उपस्थित |
| ,, | श्री अमृतबहादुर नेपाली | अनुपस्थित |
| ,, | श्री मधुमाया घर्ती | उपस्थित |
| ,, | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री दिनेश राज पन्त | उपस्थित |
| का.वा. अध्यक्ष १३ | श्री एकराज तिवारी | उपस्थित |
| उपसचिव | श्री नगेन्द्रप्रसाद रेग्मी | उपस्थित |
| ब.आ.ले.प.अधिकृत | श्री कुमार कंचन जि.सी. | उपस्थित |
| वरिष्ठ इन्जिनियर | डा.राजु पौडेल | उपस्थित |
| लेखा अधिकृत | श्री सुवास अधिकारी | उपस्थित |
| कम्प्युटर अधिकृत | श्री गोकर्णराज वाग्ले | उपस्थित |
| शाखा अधिकृत | श्री मेघनाथ आचार्य | उपस्थित |
| ज.स्वा.अ. | श्री प्रमोद सोती | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१: ३२ औं नगर सभाको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२: महिला म्याराथन प्रतियोगिता आयोजना गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.३: कवडहल स्थानान्तरण सम्बन्धमा ।
प्रस्ताव नं.४: सिपमूलक तालिम सञ्चालन सम्बन्धमा ।
प्रस्ताव नं.५: वडा स्वास्थ्य शिविर सञ्चालन सम्बन्धमा ।
प्रस्ताव नं.६: सवारी साधन खरिद सम्बन्धमा ।
प्रस्ताव नं.७: एकीकृत जग्गा विकास आयोजनाको सूचना प्रकाशन सम्बन्धमा ।
प्रस्ताव नं.८: कृषि उपज संकलन केन्द्र (हाट बजार) निर्माण सम्बन्धमा ।
प्रस्ताव नं.९: जग्गा भाडामा दिने सम्बन्धमा ।
प्रस्ताव नं.१०: बायोग्याँस अनुदान वितरण सम्बन्धमा ।
प्रस्ताव नं.११: स्यानीटारी प्याड खरिद सम्बन्धमा ।
प्रस्ताव नं.१२: छात्रवृत्तिको रकम निकासा दिने सम्बन्धमा ।
प्रस्ताव नं.१३: प्र.अ. नियुक्ति सम्बन्धमा ।
प्रस्ताव नं.१४: पसल कवल अन्तर्गत शौचालय मर्मत सम्भार सम्बन्धमा ।
प्रस्ताव नं.१५: अध्ययन अवलोकन भ्रमण सम्बन्धमा ।
प्रस्ताव नं.१६: विधायन समितिको सदस्य-सचिव मनोनयन सम्बन्धमा ।
प्रस्ताव नं.१७: अनुसन्धान सहयोग सम्बन्धमा ।
प्रस्ताव नं.१८: लागत सहभागितामा आधारित योजनामा रकम विनियोजन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१९: जनशक्ति व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.२०: फोहोरमैला प्रशोधन केन्द्रको आधारशीला तयार गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२१: सटर कवल भाडा स्वीकृत गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२२: विभिन्न सिपमूलक तालिम सञ्चालन सम्बन्धमा ।
प्रस्ताव नं.२३: औषधी खरिदको लागि दरभाउपत्र स्वीकृत सम्बन्धमा ।
प्रस्ताव नं.२४: विभिन्न कार्यक्रम तथा योजनाहरुमा रकम विनियोजन सम्बन्धमा ।
प्रस्ताव नं.२५: वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा ।
प्रस्ताव नं.२६: क्षतिपूर्ति रकम उपलब्ध गराउने सम्बन्धमा ।
प्रस्ताव नं.२७: सांस्कृतिक संग्राहलय सहयोग कार्यक्रम सम्बन्धमा ।
प्रस्ताव नं.२८: वडा सेवा कार्यालयमा जनशक्ति व्यवस्थापन सम्बन्धमा ।

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा गत २०७६ माघ २४ र २५ गते सम्पन्न यस नगरपालिकाको ३२ औं नगर सभाबाट पारित संशोधित बजेट, नीति तथा कार्यक्रम उपर वृहत रुपमा छलफल गरियो । नगर सभाबाट पारित संशोधित बजेट, नीति तथा कार्यक्रम अनुसार यथासमयमा कार्यसम्पादन गर्न सम्पूर्ण वडा कार्यालय तथा कार्यालयलाई निर्देशन दिने गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा आगामी फाल्गुण २५ गते नारी दिवसका दिन व्यास नगरपालिका वडा नं.३ मा अवस्थित व्यास अवतरणभूमि व्यास गुफादेखि व्यास नगरपालिका वडा नं.११ स्थित ऐतिहासिक तनहुँसुर दरवारसम्मको २१ किलोमिटर दुरीको व्यास नगर प्रथम महिला खुला हाफ म्याराथन प्रतियोगिता २०७६ आयोजना गर्ने निर्णय गरियो । सोको तयारीका लागि खेलकूद विकास समिति तथा कार्यालयलाई निर्देशन दिने निर्णय समेत गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा निर्माणाधीन अवस्थामा रहेको व्यास नगरपालिका वडा नं.३ स्थित वि.पी. बहुउद्देश्यीय रंगशालामा हाल रहेको कवडहल स्थानान्तरण गर्ने गरी तयार भएको बृहद् आयोजना प्रतिवेदन (DPR) अनुसार स्थानान्तरण गरी DPR मा निर्दिष्ट गरिएको स्थानमा पुन:निर्माण गर्ने कार्यका लागि सम्बन्धित निकायलाई जानकारी गराउने साथै कवडहल निर्माणको लागि लागत सहभागिता समेत व्यहोर्ने गरी व्यास नगर व्याड्मिन्टन संघबाट आवेदन पेश हुन आएअनुसार २०% लागत सहभागिता व्यहोर्ने गरी व्यास नगर व्याड्मिन्टन संघसँग ल.ई. तयार भएपछि सम्झौता गरी निर्माण कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा चालु आ.व.को लागि विनियोजित बजेटबाट खर्च गर्ने गरी स्थानीय स्तरको माग, आवश्यकता र औचित्य अनुसार प्रत्येक वडाबाट नै १ (एक) लाखसम्मको सिपमूलक तथा क्षमतामूलक तालिमहरु सञ्चालन गर्ने कार्यका लागि आवश्यक व्यवस्था मिलाउन सम्बन्धित वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.७, ८, ९, १० र ११ मा सुनौलो नयाँ गोरेटो कृषि सहकारी संस्था मार्फत Woman for Women the Netherland र स्वदेशी नेपाल सेवा समूहको आर्थिक तथा प्राविधिक सहयोगमा महिलाहरुको पाठेघर तथा प्रजनन् स्वास्थ्य सम्बन्धी शिविर सञ्चालन (२०७६ फागुन १९-२३ गते सम्म Pelvice Organ Prolapse Care and Management Training र चैत्रको १७-२३ गतेसम्म Pelvice Organ Prolapse Care Screen Camps) गर्न अनुमति माग भएकोमा उक्त कार्यक्रम सञ्चालन गर्न आयोजकलाई सहमति प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा यस कार्यालयका विभिन्न शाखाहरु एवं केही वडा कार्यालयहरुको प्रयोजनको लागि देहाय बमोजिमको संख्यामा सवारी साधनहरु खरिद गर्न आवश्यक प्रकृया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

(क) मोटर साइकल १२ वटा
(ख) स्कुटर ४ वटा

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिका वडा नं.१० को बैरेनी क्षेत्र तथा अन्य वडाहरुमा सञ्चालन भइरहेको एकीकृत जग्गा विकास आयोजनाको लागि नियमानुसारका प्रक्रियागत कार्यहरु अगाडि बढाउने कार्यका लागि सरोकारवालाहरुलाई सूचित गर्न चरणवद्ध रुपमा नियमानुसारका विभिन्न सूचनाहरु प्रकाशित गर्न तथा अन्य कानूनी प्रकृयाहरु पूरा गर्न सम्बन्धित आयोजनाका आयोजना प्रमुखलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा स्थानीय स्तरमा उत्पादित कृषिजन्य उत्पादनको बजारीकरण एवं कृषि व्यवसायको प्रवर्द्धनका लागि कृषि उपज संकलन केन्द्र (हाट बजार) निर्माण गर्ने गरी प्राविधिकबाट तयार पारिएको रू.२,९९,०००। (दुई लाख उनान्सय हजार) रुपैयाँ मात्रको लागत अनुमान स्वीकृत गरियो । साथै हाल वडा नं.१, ५, ६, ७, ८, ९, १०, ११, १३ र १४ मा सम्बन्धित वडाका वडा प्राविधिकहरुद्वारा सहजीकरण गर्ने गराउने गरी निर्माण कार्य अमानतमा गराउने समेत निर्णय गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको पसल कवल भाडामा लिई सञ्चालन भइरहेको एन.एम.वी. बैंक लिमिटेडले नगरपालिकासँग भएको सम्झौता अनुसार गुणस्तरीय सेवा प्रदान गर्न ए.टि.एम. स्थापना गर्नुपर्ने व्यहोरा सहित यस कार्यालयको नवनिर्मित बहुउद्देश्यीय भवनको दक्षिण पश्चिम किनाराको जग्गा उपलब्ध गराई दिन अनुरोध गरी पत्राचार गरेकोमा मासिक रू.५,०००। (पाँच हजार) भाडा लिने गरी ए.टि.एम. राख्न जग्गा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाद्वारा चालु आ.व.२०७६/०७७ मा वैकल्पिक ऊर्जा शीर्षकमा विनियोजित रकम रू.७,००,०००। (सात लाख) मध्येबाट १४ वटै वडाका कृषहरुलाई सुनिश्चित गरी कृषकहरुलाई बायोग्याँस प्लान्ट निर्माण गर्न प्रति घरधुरी २५,०००। (पच्चीस हजार) का दरले अनुदान उपलब्ध गराउने र सो कार्यमा सहजीकरण गर्न व्यास नगरपालिका स्थित गोबरग्याँस प्रा.लि.हरुलाई सुचिकृत गरी सहजकर्ता फर्मका रुपमा छनौट गर्ने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा चालु आ.व.को शिक्षातर्फ विनियोजित बजेटबाट खर्च गर्ने गरी विद्यालयका किशोरीहरुलाई वितरण गर्ने स्यानीटरी प्याड खरिदको लागि सम्बन्धित शाखाबाट तयार भई आएको रू.४२,३७,०००।- (बयालीस लाख सैंतीस हजार) लागत अनुमान स्वीकृत गर्ने निर्णय गरियो । साथै खरिद प्रकृया अगाडि बढाउन कार्यालयलाई निर्देशन समेत दिने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा चालु आर्थिक वर्ष २०७६/०७७ मा छात्रवृत्तिको लागि विनियोजित रकम वितरणको लागि नगर शिक्षा समितिको सिफारिस अनुसार सम्बन्धित विद्यालयहरुलाई नियमानुसार निकासा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा श्री बालमन्दिर माध्यमिक विद्यालय व्यवस्थापन समितिबाट सिफारिस भई आएअनुसार सो विद्यालयमा कार्यरत मा.वि.द्धितीय तहका शिक्षक श्री कृष्णहरी गैह्रेलाई प्र.अ. नियुक्ति अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको पूर्वी मोहोडाको पृथ्वी राजमार्गतर्फ रहेका पसल कवलहरुमा रहेका शौचालयहरुमा समस्या आई मर्मत गर्नुपर्ने भएको र सोको सेप्टीटेङ्कीहरु तथा पाइप लाइनहरु मर्मत कार्यका लागि प्राविधिकबाट तयार हुन आएको रू.१,७२,०००। (एक लाख बहत्तर हजार) को लागत अनुमान स्वीकृत गरियो । साथै उक्त कार्य अविलम्ब गर्न गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा यस कार्यालयका कर्मचारीहरुलाई अध्ययन अवलोकन भ्रमणमा लैजाने कार्यका लागि पेश हुन आएको रू.२,९२,०००। (दुई लाख बयान्नब्बे हजार) को प्रस्ताव स्वीकृत गरियो । साथै दोस्रो चरणमा जनप्रतिनिधिहरुलाई अध्ययन अवलोकन भ्रमणमा लैजाने गरी आवश्यक तयारी गर्न समेत कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको ३२ औं नगर सभाबाट प्रत्यायोजित अधिकार बमोजिम विधायन समितिलाई पुनर्गठन गरी अन्य पदहरुमा यथावत नै पदाधिकारीहरु कायम रहने गरी सदस्य-सचिवमा सूचना अधिकारीको समेत पदभार लिएका कम्प्युटर अधिकृत श्री गोकर्णराज वाग्लेलाई मनोनयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकामा स्थायी घर भई विभिन्न शैक्षिक संस्थाहरुमा अध्ययनरत देहायका विद्यार्थीहरुलाई देहाय बमोजिमका विषयमा अनुसन्धान गर्न निम्नानुसार सहयोग गर्ने निर्णय गरियो ।

| क.सं. | विद्यार्थीको नाम | ठेगाना | अनुसन्धानको विषय | अनुदान रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | सन्ध्या खनाल | व्यास ५ | तेजपत्ता सामुदायिक वनमा ( दालचिनी) नामक वन पैदावरको उत्पादन सम्बन्धी | ४०,०००।- | ४.१.४४ |
| २. | सविना जमरकट्टेल | व्यास १ | फोहोरमैला व्यवस्थापन सम्बन्धी | ४०,०००।- | ४.१.४४ |
| ३. | झलक विश्वकर्मा | व्यास ११ | समाजशास्त्र अध्ययन अनुसन्धान | ३०,०००। | ४.१.४४ |

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाको आर्थिक वर्ष २०७६/०७७ का लागि लागत सहभागितामा आधारित योजनाहरुको लागि विनियोजित रकमबाट विभिन्न वडाहरुबाट सिफारिस भई आएका देहाय बमोजिमका योजनाहरुमा देहाय बमोजिमको कूल लागतमा उपभोक्ता लागत सहभागिता समेत रहने गरी (एकमुष्ठ प्याकेज) बाँकी रकम नगरपालिकाबाट विनियोजन गर्ने निर्णय गरियो । साथै योजना कार्यान्वयन प्रकृया छिटो भन्दा छिटो अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने समेत निर्णय गरियो ।

| सि.नं. | आयोजनाको नाम | ठेगाना | लागत अनुमान रकम | कैफियत |
|---|---|---|---|---|
| १. | मिलनटोल चोकबाट क्याम्पस जाने बाटो नाला सुधार | व्यास १ | १०,००,०००। | ३०% उपभोक्ता लागत समेत |
| २. | मिलनटोल चोकबाट सृजनशील टोल, अदमपानी टोल कालोपत्रे | व्यास १ | ४०,००,०००। | ३०% उपभोक्ता लागत समेत |
| ३. | चोक सुधार (बालमन्दिर र सत्यवती टोल) | व्यास २ | ३०,००,०००। | ३०% उपभोक्ता लागत समेत |
| ४. | कृष्णपुर अधुरो नाला निर्माण | व्यास ४ | ३०,००,०००। | ३०% उपभोक्ता लागत समेत |
| ५. | कन्टार विद्युत कार्यालय रिङ्गरोड कालोपत्रे | व्यास ५ | ३०,००,०००। | २०% उपभोक्ता लागत समेत |
| ६. | सिमलटार नरङ्गा खानेपानी | व्यास ७ | १४,००,०००। | २०% उपभोक्ता लागत समेत |
| ७. | तोरीखर्क कलेस्ती लिफ्टिङ्ग खानेपानी योजना | व्यास ७ | ६,००,०००। | २०% उपभोक्ता लागत समेत |
| ८. | राजापानी मोटर मार्ग स्तरीकरण | व्यास ९ | १०,००,०००। | २०% उपभोक्ता लागत समेत |
| ९. | भोटेनी सिम्ले तारुका खानेपानी योजना निर्माण (अधुरो) | व्यास ९ | ४,००,०००। | २०% उपभोक्ता लागत समेत |
| १०. | पिपलटार कुलो निर्माण | व्यास ९ | ६,००,०००। | २०% उपभोक्ता लागत समेत |
| ११. | शिव मा.वि. दरै नमूना होमस्टे मार्ग कालोपत्रे | व्यास १० | २०,००,०००। | २०% उपभोक्ता लागत समेत |
| १२. | रानीगाउँ लिफ्टिङ्ग खानेपानी योजना | व्यास ११ | २०,००,०००। | २०% उपभोक्ता लागत समेत |
| १३. | चिलाउनेपानी खानेपानी योजना | व्यास १२ | १०,००,०००। | २०% उपभोक्ता लागत समेत |
| १४. | स्वाग्दी गोल्ला खानेपानी | व्यास १२ | ५,००,०००। | २०% उपभोक्ता लागत समेत |
| १५. | कालीमाटी कुकुरढुङ्गे मोटर मार्ग स्तरीकरण | व्यास १३ | १५,००,०००। | २०% उपभोक्ता लागत समेत |

**निर्णय नं.१९:** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा यस कार्यालयमा मासिक ज्यालादारी तथा करार सेवामा विभिन्न पदमा कार्यरत देहाय बमोजिमका जनशक्तिहरुलाई निजहरुको योग्यता, कार्यक्षमता, सिप र अनुभवलाई मूल्याङ्कन गरी देहाय बमाजिमको पदमा तपसिल बमोजिम सेवा सुविधा उपलब्ध गराउने गरी करार सम्झौता भएको मितिदेखि लागू हुने गरी करार सम्झौता गरी कामकाजमा लगाई जनशक्ति व्यवस्थापन गर्ने निर्णय गरियो ।

| क.सं. | नाम, थर | कार्यरत स्थान | पद | मासिक पारीश्रमिक | अन्य सुविधा |
|---|---|---|---|---|---|
| १. | श्री रोचक क्षेत्री | व्यास न.पा.कार्यालय | ईन्जिनियर | ३५,९९०। | अन्य करारका प्राविधिक कर्मचारीले खाईपाई आए सरह |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | श्री सरोज गुरुङ्ग | व्यास ७ वडा कार्यालय | कार्यालय सहायक | १९,०००। | अन्य करारका कर्मचारीले खाईपाई आए सरह |
| ३. | श्री ईश्वर दरै | व्यास १ वडा कार्यालय | कार्यालय सहायक | १९,०००। | अन्य करारका कर्मचारी सरह |
| ४. | श्री आनन्द कुमारी घर्ती | व्यास १ वडा कार्यालय | कार्यालय सहयोगी | १०,०००। | अन्य करारका कर्मचारी सरह |
| ५. | श्री कोपिला खड्का न्यौपाने | व्यास ७ आ. स्वास्थ्य चौकी | कार्यालय सहयोगी | १०,०००। | आधारभूत स्वास्थ्य चौकीका अन्य कर्मचारी सरह |
| ६. | श्री अनिता कुमाल | व्यास ७ वडा कार्यालय | कार्यालय सहयोगी | १०,०००। | अन्य करारका कर्मचारी सरह |
| ७. | श्री चन्द्र कुमारी थापा | व्यास १३, वडा कार्यालय | कार्यालय सहयोगी | १०,०००। | अन्य करारका कर्मचारी सरह |
| ८. | श्री पुन्ना खनाल न्यौपाने | बेल्टारी स्वास्थ्य सेवा केन्द्र | कार्यालय सहयोगी | १०,०००। | आधारभूत स्वास्थ्य चौकीका अन्य कर्मचारी सरह |

**निर्णय नं.२०:** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा चालु आ.व.२०७६/०७७ मा यस नगरपालिकाको मुख्य शहरी क्षेत्रको फोहोरमैला व्यवस्थापनको लागि सेनीटरी ल्याण्डफिल्ड साइड निर्माण तथा अध्ययन शीर्षकमा विनियोजित बजेटबाट हाल ल्याण्डफिल्ड साइडको लागि सम्भाव्य देखिएको व्यास ४ र व्यास १० को सिमानामा पर्ने रानीपानी सामुदायिक वन अन्तर्गतको जंगलमा फोहोरमैला प्रशोधन एवं व्यवस्थापन केन्द्र निर्माण गर्ने गरी आधारशीला निर्माण गर्ने कार्यका लागि साथै सो स्थानको वातावरणीय अध्ययनको लागि देहाय बमोजिमका योजना तथा कार्यक्रमहरु सञ्चालन गर्ने निर्णय गरियो ।

| सि.नं. | आयोजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|
| १. | डाँडाचौतारी मार्ग स्तरीकण, व्यास ४ | २०,००,०००। | लागत थप हुने |
| २. | डिहीगाउँ अनन्त मार्ग, डाडुखोला रिङ्गरोड (लागत सहभागीता बाहेक), व्यास १० | ३५,००,०००। | लागत थप हुने |
| ३. | वातावरणीय अध्ययन | ५,००,०००। | |

**निर्णय नं.२१:** प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका कार्यालयको नवनिर्मित बहुउद्देश्यीय भवनको पहिलो तल्लामा खाली रहेका विभिन्न १३ वटा सटरहरु भाडामा लगाउने सम्बन्धमा मिति २०७६।१०।१४ गते प्रादेशिक खवर राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना अनुसार कोठा नं.१०२, १०६ र १२१ को लागि मात्र सिलबन्दी दरभाउपत्रहरु दर्ता हुन आएको हुँदा दर्ता हुन आएका दरभाउपत्रहरु मध्ये न.पा. मूल्यांकन समितिबाट सिफारिस भई आएबमोजिम तपशिलमा उल्लेखित व्यक्तिहरुले कवोल गरेको रकमलाई स्वीकृत गरी आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**तपशिल**

| सि नं | कोठा नं. | दरभाउपत्र दताको नाम र ठेगाना | कबोल रकम | कैफियत |
|---|---|---|---|---|
| १ | १०२ | श्री पुष्पाञ्जली घिमिरे (पौडेल) व्यास ३ | रु.३५,५००। | |
| २ | १०६ | श्री सुशान्त रहपाल, व्यास २ | रु.४२,५५०। | |
| ३ | १२१ | श्री रेशमलाल श्रेष्ठ, व्यास ३ | रु.२७,००६। | |

**निर्णय नं.२२:** प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत चालु आर्थिक वर्षमा संचालन हुने गरी ड्राईभिङ तालिम, इलेक्ट्रिसियन तालिम, प्लम्बिङ तथा एडभान्स कम्प्यूटर सम्बन्धी तालिमका लागि संस्था छनौट गर्न विभिन्न मितिमा स्थानीय स्तरका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित

गोप्य सिलबन्दी प्राविधिक तथा आर्थिक प्रस्ताव माग सम्बन्धी सूचना अनुसार दर्ता हुन आएका विभिन्न संस्थाहरुका गोप्य सिलबन्दी प्राविधिक प्रस्तावहरु मध्ये न.पा मूल्यांकन समितिबाट सिफारिस भई आएबमोजिम तपशिलमा उल्लेखित व्यक्तिहरुले कवोल गरेको रकमलाई स्वीकृत गरी आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

(क) ड्राईभिङ तालिमतर्फ:

| सि.नं | संस्थाको नाम र ठेगाना | कबोल रकम (मू.अ.कर समेत) |
|---|---|---|
| १. | श्री व्यास मोटर ड्राईभिङ, व्यास ४ तनहुँ | रु.६,२१,५००। |

(ख) ईलेक्ट्रिसियन तालिमतर्फ:

| सि.नं | संस्थाको नाम र ठेगाना | कबोल रकम (मू.अ.कर समेत) |
|---|---|---|
| १. | श्री कलेज अफ इम्प्लाइमेन्ट, भरतपुर, चितवन | रु.४,१९,३७१।२५ |

(ग) प्लम्बिङ तालिमतर्फ:

| सि.नं | संस्थाको नाम र ठेगाना | कबोल रकम (मू.अ.कर समेत) |
|---|---|---|
| १. | श्री लुम्बिनी पोलिटेक्निकल ई. प्रा.लि. पोखरा | रु.१९,१५,१२४। |

(घ) एड्भान्स कम्प्यूटर तालिमतर्फ:

| सि.नं | संस्थाको नाम र ठेगाना | कबोल रकम (मू.अ.कर समेत) |
|---|---|---|
| १. | श्री एस. एण्ड के.आइटी वर्ल्ड डुम्रे तनहुँ | रु.१२,६३,०७८। |

**निर्णय नं.२३:** प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका कार्यालय अर्न्तगतका आयुर्वेद औषधालयहरुका लागि अत्यावश्यक आयुर्वेद औषधी खरिद गर्ने सम्बन्धमा मिति २०७६/१०/१४ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना अनुसार दर्ता हुन आएका विभिन्न फर्महरुका सिलबन्दी दरभाउपत्रहरु मध्ये नगरपालिका मूल्यांकन समितिबाट सिफारिस भई आएबमोजिम तपशिलमा उल्लेखित फर्मको दरभाउपत्र स्वीकृत गरी आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

तपशिल

| सि.नं | दरभाउपत्र दताको नाम र ठेगाना | कबोल रकम | कैफियत |
|---|---|---|---|
| १. | श्री सिद्धिगणेश आयुर्वेद सप्लायर्स बुटवल, रुपन्देही | १३,३८,५३०। | भ्याट नलाग्ने |

**निर्णय नं.२४:** प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका आधारभूत एवं अत्यावश्यक प्रकृतिका कार्यक्रमहरु तथा योजनाहरुमा देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो ।

| **सि.नं.** | **कार्यक्रम तथा योजनाको नाम** | **वडा नं.** | **विनियोजित रकम** | **खर्च शीर्षक** |
|---|---|---|---|---|
| १. | शिवालय मन्दिर भुई ढलान | व्यास ५ चिन्तुटार | ३०,०००। | विविध |
| २. | शिवालय मन्दिर निर्माण | व्यास १०, कुमलटारी | ३०,०००। | विविध |
| ३. | जमुना मगर (अपांग तथा एकल महिला) आवास मर्मत (जस्तापाता) | व्यास १०, नयावस्ती | २५,०००। | विविध |
| ४. | विदुर नगरपालिकाले आयोजना गरेको अन्तर | | १,००,०००। | खेलकुद |

| | | | | |
|---|---|---|---|---|
| | नगरपालिका फुटवल प्रतियोगितामा सहभागी टिमलाई जाते-आते पोशाक तथा अन्य खर्च | | | |
| ५. | पालुङ्गटार नगरपालिकाले आयोजना गरेको अन्तर नगरपालिका फुटवल प्रतियोगितामा सहभागी टिमलाई जाते-आते पोशाक तथा अन्य खर्च | | १,००,०००। | खेलकुद |
| ६. | सडक स्तरोन्नतिका क्रममा विस्थापित घर परिवारलाई राहत (श्रीमाया मल्ल) | व्यास १३ | ४०,०००। | चालु विविध |
| ७. | सडक स्तरोन्नतिका क्रममा विस्थापित घर परिवारलाई राहत (मनबहादुर वि.क.) | व्यास १३ | ४०,०००। | चालु विविध |
| ८. | सडक स्तरोन्नतिका क्रममा विस्तापित घर परिवारलाई राहत (वलराम परियार) | व्यास ८ | ४०,०००। | चालु विविध |
| ९. | छाब्दी फाँट कुलो मर्मत निर्माण | व्यास १२ | ७,००,०००। | मर्मत सम्भार कोष |
| १०. | पोल्याङ खानेपानी लिफ्टिङ | व्यास ११ | ४,००,०००। | विविध |
| ११. | श्रीभन्ज्याङ सामुदायिक भवन जग्गा सम्याउने कार्य | व्यास १० | १,००,०००। | विविध |
| १२. | कृषि सडक मर्मत सुधार | व्यास १४ | ८०,०००। | विविध |
| १३. | नवयुवा क्लब फुटवल प्रतियोगिता | व्यास १ | १,००,०००। | खेलकुद |
| १४. | डिल्याण्ड फुटवल प्रतियोगिता | व्यास १० | ५०,०००। | खेलकुद |
| १५. | मगर विद्यार्थी फुटवल प्रतियोगिता | व्यास १० | ५०,०००। | खेलकुद |
| १६. | मिस मगर प्रतियोगिता | व्यास २ | ४०,०००। | विविध |
| १७. | नेपाल यातायात मजदुर संघ कार्यक्रम | | २५,०००। | विविध |
| १८. | रामचन्द्र अधिकारी पाइप खरिद सहयोग | व्यास १० | ४०,०००। | विविध |
| १९. | वडा कार्यालय अगाडि मोड सुधार | व्यास ४ | १,१४,०६०। | विविध |
| २०. | लोक दोहोरी प्रतिष्ठान बहुजातीय सांस्कृतिक महोत्सव आयोजना | | ५,००,०००। | ४.१.८३ |
| २१. | लियो क्लब फुटवल प्रतियोगिता | | ४०,०००। | खेलकुद |
| २२. | कलेस्ती टोल विकास संस्था व्याडमिन्टन प्रतियोगिता | व्यास ७ | ३०,०००। | खेलकुद |
| २३. | आंपश्वांरा चिन्नेपानी खानेपानी योजना थप कामको लागि | व्यास १३ | ५०,०००। | विविध |
| २४. | क्यामिन कालिका टोल विकास संस्था भवन मर्मत | व्यास ७ | ७०,०००। | मर्मत सम्भार कोष |
| २५. | सामली खानेपानी योजना मर्मत | व्यास ७ | ३०,०००। | मर्मत सम्भार कोष |
| २६. | दलित सिलाई बुनाई एडभान्स् तालिम | व्यास ८ | २,००,०००। | दलित लक्षित |
| २७. | फ्रेण्डसिप युवा क्लब, म्याग्दे १ | | ३०,०००। | खेलकुद |
| २८. | पुलिमराङ शहिद पार्क शीला लेखन तथा अन्य खर्च | व्यास ८ | १८,०००। | विविध |
| २९. | कल्पना पोखेल उपचार खर्च | व्यास २ | ४०,०००। | चालु विविध |

| | | | | |
|---|---|---|---|---|
| ३०. | मुस्लिम युवा चनौटे भलिवल प्रतियोगिता | | ३०,०००। | खेलकुद |
| ३१. | चारकुने चौतारा प्रतिष्ठा-पूजा खर्च | व्यास १ | २५,०००। | चालु विविध |
| ३२. | दलित पत्रकार-प्रदेश सम्मेलन | | ३०,०००। | चालु विविध |
| ३३. | सिर्जनशील दिदी बहिनी समूह स्वास्थ्य शिविर थप सहयोग | | ४०,०००। | चालु विविध |
| ३४. | विश्वकुमार बुढा परियार शौचालय निर्माण | | २५,०००। | दलित लक्षित |
| ३५. | शंकर प्रा.वि. कम्प्युटर खरिद | व्यास ६ | ५०,०००। | विद्यालय सहयोग |
| ३६. | नेपाल रेडक्रस सोसाइटी तनहुँ विविध कार्यक्रम | | २०,०००। | चालु विविध |
| ३७. | त्रिपुरेश्वर शिवालय मन्दिर रंग रोगन | व्यास ५ | १३,०००। | चालु विविध |
| ३८. | दुम्दुमेश्वर महादेव मन्दिर रंगरोगन | व्यास १० | १५,०००। | चालु विविध |
| ३९. | सवेश्वर महादेव मन्दिर रंग रोगन | व्यास ११ | १५,०००। | चालु विविध |

**निर्णय नं.२५:** प्रस्ताव नं.२५ का सम्बन्धमा छलफल हुँदा आर्थिक वर्ष २०७७/०७८ मादी नदी तथा सेती नदीको प्राकृतिक स्रोत साधन उत्खनन् गर्ने कार्यको ठेक्का लगाउने कार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण मूल्याङ्कन प्रतिवेदन तयार गर्न ५,००,०००। (पाँच लाख) मा नबढ्ने गरी परामर्शदाता छनौट गरी कार्यादेश दिने प्रकृया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.२६:** प्रस्ताव नं.२६ का सम्बन्धमा छलफल हुँदा तनहुँ हाइड्रोपावरको मुख्य प्रभावित क्षेत्रको रुपमा रहेको व्यास नगरपालिका वडा नं.५ वेतेनी क्षेत्रमा परम्परादेखिनै बसोबास गर्दै आएका कतिपय घरपरिवारहरुको जग्गा दर्ता प्रक्रियामा रहेको र सो जग्गा हाल तनहुँ हाइड्रोपावरलाई आयोजना संचालन गर्ने क्रममा अत्यावश्यक देखिएको हुँदा आयोजनाको निर्माण अवधि समाप्त भएपश्चात् पनि हाल भोगचलन गर्दै आएका घर परिवारहरुले नै भोगचलन गर्न पाउने गरी निर्माण अवधि सम्मका लागि नियमानुसारको क्षतिपूर्ति रकम उपलब्ध गराउने व्यवस्था मिलाउन सम्बन्धित वडाबाट सिफारिस भई आएअनुसारका घरपरिवारहरुको नामावली सिफारिस गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं.२७:** प्रस्ताव नं.२७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.३ मादीपुल नजिक निर्माण सम्पन्न भएको तमुसुधार सांस्कृतिक संग्राहलय सुदृढीकरणका लागि रु.१०,००,०००। (दश लाख) (शीर्षक नं.४.१.१५१) स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.२८:** प्रस्ताव नं.२८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.६ शिशाघाट स्थित वडा सेवा कार्यालयमा विगत २ वर्षदेखि स्वयंसेवकको रुपमा कार्यालय सरसफाईको कामकाज गर्दै आएकी श्री सरला छिमाललाई मासिक रु.१०,०००। (दश हजार) पारिश्रमिक दिने गरी सेवा करार सम्झौता गरी कामकाजमा लगाउने निर्णय गरियो ।